
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक १७ गते बिहीबार ❑ 3 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सरकारलाई आयोगको सातबुँदे निर्देशन

**रासस**
**काठमाडौं, १६ कार्तिक**

निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित तथा मितव्ययीरूपमा सम्पन्न गर्न/गराउन तीनै तहको सरकारलाई सातबुँदे निर्देशन दिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सातबुँदे निर्देशन दिएको हो । निर्देशनमामा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाधरूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने रहेको छ। साथै, तोकिएको मतदानस्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवं स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मतसम्भार गरी गराई सुचारु अवस्थामा राख्ने व्यवस्था गर्नुपर्ने रहेको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी आयोगको वेबसाइट एवं आयोगको आधिकारिक सामाजिक सञ्जालबाट प्राप्त गरी सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाका कार्यालय र कार्यालय परिसरभित्रका सबै डिजिटल डिस्प्ले सूचना पाटीमा आम सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी डिस्प्ले गर्ने व्यवस्था गर्नुपर्ने छ । त्यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापनसम्बन्धी कार्यक्रमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्री प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था गर्ने रहेको छ । सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होमलगायत सबै स्वास्थ्य संस्था निर्वाधरूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स सुचारु अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकललाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्नसक्ने व्यवस्था गर्न भनिएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजनालगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधन मर्मत र सेवा विस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा विस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने निर्देशनमा छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने व्यवस्था रहेकाले कानूनको वर्खिलाप हुने गरी कहीँकतैबाट यस्तो कुनै कार्य नहुन र भए गरेको पाइएमा कानूनबमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्न भनिएको छ।

## भूमिगत पार्किङमा महानगरले चलायो डोजर

### व्यवसायीलाई मेयरको प्रश्न, अझै कति घण्टा पर्खनु पर्ने ?

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**

पोखरा महानगरपालिकाले प्रयोजन विपरीत सञ्चालनमा रहेका भूमिगत पार्किङहरू खाली गराउन सुरु गरेको छ।

यसअघि भूमिगत पार्किङ सहित महानगरपालिकाबाट कर छुटको सुविधा लिएर निर्माण गरिएका व्यापारिक भवनहरूले ती पार्किङहरूलाई पार्किङको रूपमा नभई व्यापारिक प्रयोजनमा प्रयोग गरेको पाइएपछि महानगरपालिकाले पटक पटक हटाउन अनुरोध गरेको थियो।अधिकांशलेमहानगरपालिकाको अनुरोध बमोजिम पार्किङ खाली गरेको भए पनि अटेर गरी व्यवसाय सञ्चालन गरिरहेका कतिपय भवनहरूमा महानगरपालिकाले मंगलवार डोजर नै चलाएको हो । पोखराको चिप्लेढुंगा स्थित आरके बिल्डिङ, विशाल बजार, महेन्द्रपुल स्थित गरिमा विकास बैङ्क रहेको भवन लगायत स्थानहरूमा महानगरपालिकाले डोजर चलाएको हो । सेलवेज टावरको बेसमेन्टमा सञ्चालनमा रहेको विगबजार भने स्थानान्तरणको क्रममा रहेकाले सोका लागि ७२ घण्टाको अलिटमेटम दिइएको छ।

'महानगरपालिकाको निर्णय कार्यान्वयन गर्नका लागि हामी दिनरात खटिरहेका छौँ, नयाँ स्थानमा हामीले निर्माणको काम गरिरहेका छौँ, यता सामानहरू प्याक गरिरहेका छौँ, विगबजारका एक जना सञ्चालकले भने, ठुलो व्यवसाय भएका कारण केही समय त लाग्दो नै रहेछ ।' उनले राज्यको निर्णय कार्यान्वयन गर्न आफूहरू तयार रहेको प्रतिबद्धता समेत जनाए । महानगरपालिकाले विगबजारका सञ्चालकलाई



पार्किङ खालि गर्नका लागि ७२ घण्टाको अलि्टमेटम दिएको छ । 'तपाँईहरुलाई कति घण्टा लाग्छ ? मैले २४ घण्टा मात्र भनेको होइन, ४८ घण्टा हो की, ७२ घण्टा हो ? अव दिनको कुरा नगरौं, महानगरपालिकाका प्रमुख धनराज आचार्यले भन्नुभयो, तपाँईहरुलाई महानगरपालिकाले ३५ दिन मात्र होइन, दुई महिना बढी समय त दिइसक्यो ।' रातदिन काम गरेर भए पनि पार्किङ खालि गर्न सञ्चालकलाई उहाँले निर्देशन दिनुभएको छ। विगबजारका अर्का सञ्चालकले महानगरको निर्देशनलाई अव विलम्ब नगर्ने विश्वास दिलाएका छन् ।

महेन्द्रपुल स्थित सञ्चालनमा रहेको गरिमा विकास बैङ्कको शाखालाई समेत तत्काल स्थानान्तरण गरी भूमिगत पार्किङ खालि गर्न महानगरपालिकाका प्रमुख आचार्यले निर्देशन दिनुभयो । साङ्केतिक रूपमा बैङ्कको अगाडी रहेको फलामको रेलिङ बार महानगरपालिकाको डोजरले मङ्गलवार भत्काइदिएको छ।

पोखराको महेन्द्रपुल चोक मै रहेको हुलाक निर्देशनालयको कम्पाउन्ड समेत एक साता भित्र नहटाए महानगरपालिका आफैले हटाउने जनाएको छ। 'हुलाक निर्देशनालयले आफ्नो भवन मापदण्ड अनुसार नै निर्माण गरेको छ, पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले भन्नुभयो, तर यसले निर्माण गरेको कम्पाउन्ड भने मापदण्ड विपरीत छ, हुलाकलाई कम्पाउन्ड हटाउनका लागि एक साता पर्खन्छौं, एक सातामा पनि नहटाए महानगरपालिका आफैले हटाउँछ।' उक्त स्थान पनि पार्किङका लागि खुला गरिनेछ।

महेन्द्रपुल स्थित सिता भवन र मोबाइल टावरको बेसमेन्ट भने खाली भैसकेको छ । पोखराको लेकसाईड क्षेत्रका व्यवसायीहरूले भने आफ्ना बेसमेन्टहरुलाई पार्किङ कै रूपमा प्रयोग गरिरहेका छन् । नयाँ बजार क्षेत्रमा रहेका भूमिगत पार्किङमा अहिले पनि प्रेस देखी गाडीका शोरुम तथा पार्टपुर्जाहरू बिक्री र मर्मतसम्म सञ्चालनमा रहेका पाइएको छ । तिनीहरूलाई पनि महानगरपालिकाले क्रमशः हटाउँदै जानेछ । महेन्द्रपुलदेखी सिद्धार्थ चोकसम्म रहेका भूमिगत पार्किङहरूलाई दुई पाङ्ग्रे र न्युरोड क्षेत्रमा रहेका पार्किङमा कार पार्किङको रूपमा प्रयोग गर्ने योजना बनाइएको प्रमुख आचार्यले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पाँच दलीय गठबन्धनको स्पष्ट बहुमत आउने : डा महत

**पोखरापत्र संवाददाता**
**लेखनाथ, १६ कार्तिक**

नेपाली कांग्रेसका प्रवक्ता एवं चुनाव प्रचारप्रसार समितिका संयोजक डा प्रकाशशरण महतले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा पाँच दलीय गठबन्धनको स्पष्ट बहुमत आउने दाबी गर्नुभएको छ।

नेपाल प्रेस युनियन कास्कीद्वारा बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता महतले भन्नुभयो,"राजनीतिक दल मात्र होइन, नेपाली जनतालेसमेत कांग्रेस नेतृत्वकै सरकारको चाहना राखेका छन् । कांग्रेस सरकारमा भएकै समयमा विद्यालय, कलेज, सडक, विद्युत्, अस्पताल र एयरलायन्स व्यापक मात्रामा विस्तार भए, अब कांग्रेस गाउँका सडक बाह्रैमहिना सञ्चालन गर्ने योजनाका साथ अगाडि बढ्छ", नेता महतले भन्नुभयो।

अघिल्लो सरकारले फुस्रा आश्वासन मात्र दिएर काम केही नगरेको र कोभिडको समयमा समेत भ्याक्सिन छिटो ल्याउनुपर्नेमा कमिसनको चक्करमा लाग्दा जनताले समयमा भ्याक्सिन नपाएको नेता महतको आरोप थियो।

पछिल्ला दिनमा अन्य पार्टीभन्दा कांग्रेस नै ठिक भनेर जनता कांग्रेसप्रति आकर्षित भएको उहाँको भनाइ थियो। संविधानको रक्षा, मानव अधिकार, व्यक्ति स्वतन्त्रता र लोकतन्त्रको संरक्षण कांग्रेसले मात्र गर्न सक्ने भनाइ उहाँको छ । देशैभरि पाँच दलीय गठबन्धनका उम्मेदवार उठेका र यो वा त्यो पार्टी नभनी ती उम्मेदवारलाई जिताउन सक्रिय रुपमा लाग्न कांग्रेसका नेता तथा कार्यकर्तालाई उहाँले आग्रहसमेत गर्नुभयो । "सबै पार्टीलाई सिट बाँड्दा कांग्रेसले सबै सिटमा उम्मेदवार उठाउने कुरा आएन, कांग्रेसभित्र एक से एक नेता उम्मेदवार हुन लायक छन्, अहिले टिकट पाइन भनेर असन्तुष्ट बन्न भएन", नेता महतले भन्नुभयो,"म आफैको प्रत्यक्ष निर्वाचन लड्ने चाहाना हुँदाहुँदै लड्न पाइन् ।"

पाँच दलीय गठबन्धन राजनीतिक आवश्यकता भएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "एक्लै चुनाव लडेर भन्दा गठबन्धनबाट लड्दा धेरै सिट जित्न सकिने भएकै कारण निर्वाचनमा पाँच दलीय गठबन्धन रोज्नु परेको हो ।" संविधानको रक्षा र राजनीतिक स्थायित्वका लागि पाँच दलीय गठबन्धन अगाडि बढेको उहाँको भनाइ थियो।

प्राप्त उपलब्धिको रक्षा गर्दै यही संविधानलाई टेकेर समयको माग अनुसार संविधान संशोधन गर्ने कांग्रेसको लक्ष्य रहेको जानकारी पनि डा महतले दिनुभयो । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डीला सङ्ग्रौलाले निर्वाचनमा एक भोटले पनि ठूलो महत्व राख्ने हुँदा आगामी मङ्सिर ४ गते सम्पन्न हुने निर्वाचनमा सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभयो । "काम गर्ने पार्टी कांग्रेस हो, तर जनतामाझ प्रचारप्रसार गर्न नसक्दा पछि परेका छौं", डा सङ्ग्रौलाले भन्नुभयो।

## भाइटिका महोत्सवमा ३५ सहभागी

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**

होटल संघ पोखरा नेपालले तिहारका अवसरमा विहीबार आयोजना गरेको १५ औं भाइटिका महोत्सव २०७९ मा देशविदेशका पर्यटक सहित ३५ जनाले सहभागिता जनाएका छन्।

महोत्सवमा अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान, इटली, जर्मनी लगायतका देशका पर्यटकले भाग लिएको संघले जनाएको छ। लेकसाइड स्थित मम्स गार्डेन रिसोर्टमा आयोजित महोत्सवमा रेन्वो चिल्ड्रन होम नेपालका छात्राहरुले सहभागिलाई भाइटिका लगाइदिएका थिए । संस्कृतिका माध्यमबाट पर्यटन प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रमा नयाँ आसा छर्ने उद्धेश्यले महोत्सव



आयोजना गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। कोभिड १९ लगायत विविध कारण पर्यटन क्षेत्र निकै मारमा परेको भन्दै सुबेदीले आपसी भाइचार अभिवृद्धि गर्दै पर्यटन पुनरुत्थानमा महोत्सवले सघाउने विश्वासका साथ महोत्सव सम्पन्न गरिएको बताए।

कोभिडकै कारण अघिल्ला दुई बर्ष यस्तो महोत्सव हुन नसके पनि विगत बर्षदेखि यसलाई पुनः निरन्तरता दिन थालिएको हो। महोत्सवमा कोभिड अघिका वर्षहरुमा कतिपय पर्यटक दोहोर् याएर समेत भाइटिका लगाउन आउने गरेको भए पनि यो पटक सबै नयाँ सहभागिले टिका लगाएको महोत्सवका संयोजक एवं संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए। आगामी दिनमा पनि महोत्सवलाई निरन्तरता दिइने उनले सुनाए।

तिहारको सांस्कृतिक पक्षलाई संरक्षण गर्दै यसैका माध्यबाट पर्यटक आकर्षित गर्ने अभिप्राय लिएको यसप्रकारको महोत्सव पोखराका लागि अर्को पर्यटकीय प्रडक्ट बन्दै गएको संघले जनाएको छ। कार्यक्रमका अवसरमा संघका महासचिव राजेन्द्र ढकालले भाइटिका महोत्सवका बारेमा देश विदेशका सहभागीलाई जानकारी दिएका थिए। नेपाल पर्यटन बोर्ड महोत्सवको प्रवर्द्धक रहेको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

